जि.प्र.का. सप्तरी द.नं. ३९/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**
लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

वर्ष ३५ अंक २५८ २०८३ साल जेठ ८ गते शुक्रबार (22 May 2026 Friday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : कञ्चनपुर-कमला सडक आयोजनाको ... ३ पृष्ठमा : हन्टा भाइरस संक्रमण ... ३ पृष्ठमा : सामसुङ र श्रमिक सङ्घ ...

# सप्तरीको विभिन्न सडक निर्माणका लागि ठेक्का पाएका निर्माण कम्पनीको ठेक्का प्रक्रिया अन्त्य

**दैनिक समाचारदाता**
**राजविराज, ७ जेठ ।**

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागले सप्तरीको विभिन्न सडक निर्माणका लागि ठेक्का पाएका निर्माण कम्पनीको ठेक्का प्रक्रिया अन्त्य गरेको जनाएको छ ।

सो विभाग अन्तरगत संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय दमक सडक डिभिजन लहानले विहीबार सूचना प्रकाशन गरि उक्त ठेक्काहरु अन्त्य गरेको जनाएको हो ।

राजविराज-हनुमाननगर-भारदह रोड, रुपनी-राजविराज-छिन्नमस्ता रोड र राजविराज-छिन्नमस्ता रोडको पुर्ननिर्माणका लागि ठेक्का पाएको साह इन्जिनियरिङ कन्स्ट्रक्सन प्रालि शम्भुनाथ सप्तरीको ठेक्का प्रक्रिया अन्त्य भएको उल्लेख छ ।



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय दमक
सडक डिभिजन लहान

**ठेक्का सम्झौता अन्त्य गरिएको सूचना**

प्रकाशित मिति: [illegible]

[illegible]

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| १ | RDLHN/ 33701189/ 078.79-82 | Road Upgrading works (2-Lane Asphalt, X- Drainage, Drain, Footpath & Road Safety works) in Rajbiraj - Hanumannagar - Bharadah Road, Saptari | Shah Engineering Construction Pvt. Ltd., Sambhunath, Saptari |
| २ | RDLHN/ 33701138/ 078.79-86 | Upgrading of Rupani - Rajbiraj - Chhinnamasta Sakhda (Ch 7+200.9+380) with 4- Lane NH-14 Saptari | Shah Engineering Construction Pvt. Ltd., Sambhunath, Saptari |
| ३ | RDLHN/ 33701138/ 078.79-88 | Road Upgrading works (2-Lane Asphalt, X- Drainage, Drain, Footpath & Road Safety works) Rajbiraj - Chhinnamasta Sakhda (Ch 17+100-24+000) NH-14 Saptari | Shah Engineering Construction Pvt. Ltd., Sambhunath, Saptari |
| ४ | RDLHN/ 33701122/ 077-078.03 | Construction of cast in situ 2-webbed prestressed concrete Slab deck bridge over Kosodha Khola, Udayapur (Open foundation, 2-Span@15m) | YP Bikash & Brothers Bajrangbali JV, Janakpur |
| ५ | DROLHN/ 337157-4/ 072.071-89 | Construction of 2- webbed bridge with Pile Foundation over Bhalabalu, Lalapati khola Bridge | Yakthundyang B.P. construction JV Lahan -7, Siraha |

जारि सूचनामा ठेक्कहरूको निर्माण कार्यको प्रगति सन्तोषजनक नरहेको तथा लामो समय व्यतित हुँदा पनि कार्य प्रगतिमा सुधार नभएको तथा पटक-पटक मौखिक तथा लिखित निर्देशन दिइएकोमा निर्माण कार्यको प्रगतिमा सुधार नभएको, पेश भएको कार्यतालिका बमोजिम कार्य प्रगति नभएको साथै कार्य सम्पन्न गर्नेतर्फ अग्रसर भएको नदेखिएको कारण ठेक्का अन्त्य गरिएको उल्लेख छ ।

उक्त सम्बन्धमा ठोस कारण तथा प्रमाण सहितको लिखित जवाफ पेश गर्नु हुन भनी विभिन्न मितिहरूमा कार्यालयबाट पत्राचार भएको र राष्ट्रिय स्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी माग गरिएकोमा नि.व्य. बाट सन्तोषजनक प्रतिक्रिया पेश नगरेको उल्लेख छ ।

"निर्माण कार्य गर्नेतर्फ हालसम्म कुनै पहल नगरेको कारण ठेक्का सम्झौतामा उल्लेखित प्रावधान तथा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा ५९ (२) को खण्ड (क), दफा ५९(७) दफा ५९ (८) अनुसार यस डिभिजन कार्यालयको मिति २०८३/०२/०७ को निर्णयानुसार ठेक्का अन्त्य गरी सोही ऐनको दफा ६३(१) को प्रयोजनार्थ सम्वन्धित सबैलाई जानकारी गराइन्छ ।" सूचनामा उल्लेख छ ।

"सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार एयकत टर्मिनेशन इभ्यालुशेन भई स्थापित हुने रकम सरकारी बाँकी सरह असुल उपर हुने कानुनी व्यवस्था भएकोले यो सूचना प्रकाशित गरिएको मितिले १५ दिन भित्र निर्माण व्यवसायीहरुलाई यस कार्यालयमा सम्पर्क राखी वित्तीय फरफारक गर्न समेत अनुरोध गरिन्छ ।" सूचनामा जनाइएको छ ।

# सदनमा मन्त्रीहरू नियमित उपस्थित हुन श्रम संस्कृति पार्टीको माग

काठमाडौं, ७ जेठ (रासस) ।

प्रतिनिधिसभाको विहीबारको बैठक सुरुहुनासाथ श्रम संस्कृति पार्टीका सदस्यहरू आ आफ्नो आसनबाट उठेर भनाइराख्न सभामुखसंग समय माग गर्नुभयो ।

यसपछि सभामुख डोलप्रसाद अर्यालले सो पार्टीका अध्यक्ष हर्कराज राईलाई बोल्ने समय दिनुभयो । अध्यक्ष राईले जनताको सार्वभौम थलो प्रतिनिधिसभासभामा प्रधानमन्त्री र मन्त्रीहरू नियमित उपस्थित भई सदनमा उठान भएका प्रश्नहरूको स्पष्ट जवाफ दिनुपर्ने माग गर्नुभयो । उहाँले प्रधानमन्त्री वालेन्द्र शाहले गृह र रक्षासमेतको कार्यभार सम्हालेको अवस्थामा सीमा सुरक्षा, सुकुमवासीको व्यवस्थापनलगायत विषयमा जवाफ दिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सभामुख अर्यालले अध्यक्ष राईको भनाइप्रति आफ्नो ध्यानाकर्षण भएको जनाउँदै सो पार्टीका सांसदसंग आसन ग्रहण गर्न आग्रह गर्नुभएको थियो । सो दलका सदस्यहरूले सरकारको जवाफदेहिताको माग गर्दै सदनमा बुधबार 'प्ले कार्ड' समेत प्रदर्शन गरेको थियो ।

# दोश्रो दिन पनि धर्ना निरन्तर



**दैनिक समाचारदाता**
**राजविराज, ७ जेठ ।**

राजविराज नगरपालिकाका सवइन्जिनियर मनोज कुमार यादवलाई कुटपिट गरेको विरोधमा आन्दोलित कर्मचारीहरुले दोश्रो दिन विहीबार पनि कार्यालयको कामकाज ठप्प पारी धर्नालाई निरन्तरता दिएका छन् ।

दुई दिन देखि लगातार कर्मचारी कामकाज ठप्प पारी धर्नामा बसेपछि विभिन्न कामका लागि आउने सेवाग्राही समस्यामा परेका छन् ।

मंगलबार बिहान राजविराज वडा नं. ८ मा नगरपालिकाद्वारा भईरहेको सडक निर्माण कार्यको निरिक्षण तथा लेआउट गर्न पुगेको बेला सवइन्जिनियर यादव माथि कुटपीट भएको थियो ।

उनको साथमा रहेको ल्यापटप समेत तोडफोड भएको भन्दै कर्मचारीहरुले दोषीलाई पक्राउ नगरेसम्म अनिश्चितकालिन धर्ना जारी रहने अडान लिएका छन् ।

कर्मचारीहरुका अनुसार सवइन्जिनियर यादव माथि सोही वडाका गुलाव यादवले कुटपिट

*बाँकी अन्तिम पृष्ठमा*

# ब्राउनसुगरसहित तीन पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ७ जेठ ।**

सिराहा प्रहरीले २६ ग्रामभन्दा बढी प्रतिबन्धित लागूपदार्थसहित तीन जनालाई पक्राउ गरेको छ ।

सिरहा-चोहर्वा सहायक सडक अन्तर्गत विष्णुपुर गाउँपालिका १ बाट जिल्लाकै औरही गाउँपालिका ४ का ३२ वर्षीय रामउदगार यादव, सिराहा नगरपालिका २२ का ३६ वर्षीय राम बिलेक्षण यादव र भारत विहारको मधुवनी ग्राम पञ्चायत खाजेडी ५ का अन्दाजी २१ वर्षीय चन्दन कामतीलाई २६ ग्राम १८० मिलिग्राम ब्राउनसुगरसहित नियन्त्रणमा लिएका हो ।

विशेष सूचनाको आधारमा लागुऔषध नियन्त्रण ब्युरो गोलबजार र इलाका प्रहरी कार्यालय विष्णुपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले सिराहाबाट काठमाडौं जाँदै गरेको बा.प्र.०३-००१ ख ३५३७ नम्बरको यात्रुवाहक बसलाई रोकी चेकजाँच गर्दा रामउदगार यादवको साथबाट उक्त लागुऔषध फेला परेको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी डीएसपी रमेश बहादुर पालले जानकारी दिए ।

उनीहरूको साथबाट एक थान डिजिटल तराजुसमेत फेला परेको प्रहरीले बताए । उनीहरूलाई बिहीबारै जिल्ला अदालतबाट ७ दिनको म्याद लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी डीएसपी रमेश बहादुर पालले जनाएका छन् ।

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# शैक्षिक परामर्श व्यवसायमा शिक्षा मन्त्रालय र प्रहरीको शुद्धिकरण अभियान

**प्रकाश सिलवाल**

काठमाडौं, ७ जेठ (रासस)।

शिक्षा तथा खेलकुद मन्त्रालयले नेपाल प्रहरी र सम्बद्ध निकायको सहयोगमा शैक्षिक परामर्श व्यवसायमा देखिएका विकृति र विसङ्गति अन्त्यका लागि देशभर शुद्धीकरण अभियान सञ्चालन गरेको छ।

'शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३' बमोजिम अनुमति नलिएका, विद्यार्थीलाई झुठो कागज र आश्वासन दिएर आर्थिक ठगी गरेका संस्थालाई अभियानकै रूपमा कारबाही सुरू गरिएको हो।

शिक्षा र गृह मन्त्रालयको निर्देशन र समन्वयमा यही जेठ १ गते नेपाल प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले उपत्यकाका विभिन्न स्थानमा सञ्चालित ९५ शैक्षिक परामर्श (कन्सल्टेन्सी) संस्थामा एकैसाथ छापा मारेर कारबाही सुरू गरेकामा अब देशभर अभियान सञ्चालन गर्न लागेको जनाइएको छ।

शैक्षिक परामर्शका नाममा ठगी र अवैध कारोबार भइरहेको जनगुनासोका आधारमा प्रहरीले यो विशेष 'अपरेसन' चलाएको हो। प्रहरीले छापा मार्ने क्रममा विभिन्न कन्सल्टेन्सीका सञ्चालक र कर्मचारी गरी ६९ जनालाई नियन्त्रणमा लिएको थियो।

वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) सन्तोषकुमार खड्काका अनुसार छापा मारिएका मध्ये ३२ संस्थालाई कारबाहीका लागि कानुनी प्रक्रिया अघि बढाइएको छ। हालसम्म अवैध क्रियाकलाप नगरेका तथा दर्ता र नवीकरणको क्रममा रहेका संस्थाका प्रतिनिधिलाई हिरासतमुक्त गरिएको उहाँले बताउनुभयो।

"अवैध कार्य रोक्न अनुसन्धान र कारबाहीको यो नियमित काम हो। विद्यार्थी-अभिभावकबाट ठगी भएको तथा कीर्ते गरिएको भनी गुनासो-उजुरी आएपछि अभियानका रूपमा कारबाही गरिएको हो", उहाँले भन्नुभयो।

एसएसपी खड्काले वैदेशिक अध्ययनका क्रममा झुटो विवरण देखाइ कारोबार गर्ने, सरकारी निकायका छाप-लेटर प्याड अनधिकृत रूपमा बनाई प्रयोग गर्ने, विनादर्ता सञ्चालन भएकाजस्ता प्रकृतिका विकृतिप्रति निर्मम भएर कानुनी कारबाही अघि बढाइएको बताउनुभयो।

शिक्षा मन्त्रालयले शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा र तयारी कक्षा सञ्चालनका लागि स्वीकृति प्राप्त गरेका संस्थालाई सार्वजनिक सूचना जारी गरी नवीकरण पटकपटक आह्वान गर्दै आएको छ। मन्त्रालयले स्वीकृति प्राप्त शैक्षिक परामर्श संस्था हो/होइन बुझेर मात्रै कारोबार गर्न, फ्रि भिसा, रोजगारीको ग्यारेन्टी तथा 'डिपेन्डेट' भिसा उपलब्ध गराउने जस्ता प्रलोभन देखाइएमा सूचना दिन मन्त्रालयले भनेको छ।

अनुमति नलिइ शैक्षिक मेला, भेला तथा शैक्षिक प्रदर्शनीलगायत कार्य नगर्न पनि निर्देशन दिइएको मन्त्रालयका उपसचिव एवं शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखाका प्रमुख सेमन्तराज कोइरालाले बताउनुभयो।

"हामीले नियमन गरेर गलत गर्नेलाई कारबाही गर्ने। अनुमति

*बाँकी अन्तिम पृष्ठमा*

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कञ्चनपुर-कमला सडक आयोजनाको लागत तीन अर्बले बढ्यो, चौथो पटक म्याद थपको तयारी

**सुदीप राउत**

सिरहा, ७ जेठ (रासस)।

हिउँदमा धुलाम्मे सडक र पानी पर्नासाथ हिलोको आहल, अनि साना-ठुला खाल्डाखुल्डी छिचोल्दै गुड्नुपर्ने गाडीहरू। पूर्व–पश्चिम राजमार्गअन्तर्गत सिरहाको लहान, गोलबजार, मिर्चैया र आसपासका रैथाने बजारले भोगिरहेको अवस्था हो यो।

एसियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा नेपालको गौरव र रणनीतिक महत्वको 'एसियन हाइ-वे'अन्तर्गत कञ्चनपुर-कमला सडक खण्डको ८६ दशमलव ८३ किलोमिटर सडक विस्तार तथा स्तरोन्नति विगत छ वर्षदेखि अलपत्र छ।

नेपाल सरकार र निर्माण कम्पनीबीच २०७७ साल असार ११ गते सडक विस्तार र स्तरोन्नतिका लागि सम्झौता भएको थियो। सम्झौताअनुसार यो आयोजना २०८० कात्तिक ११ गतेभित्रै सम्पन्न भइसक्नुपर्ने थियो। तर, निर्माण कम्पनी 'चाइना रेलवे नं. २ इन्जिनियरिङ ग्रुप' को ढिलासुस्ती र आन्तरिक कारण निर्धारित समयमै काम हुन सकेन।

परिणामस्वरुप, आयोजनाको म्याद पहिले १४ महिना, त्यसपछि १२ महिना र पछिल्लो पटक छ महिना थपेर आगामी असार १६ गतेसम्म पुऱ्याइएको छ। अन्तिम म्याद सकिन अब करिब एक महिना मात्र बाँकी छँदा हालसम्मको समग्र भौतिक प्रगति जम्मा ६८ प्रतिशतमा सीमित छ। छ वर्ष बितिसक्दा पनि ३२ प्रतिशत काम बाँकी रहनुले ढिलासुस्तीको गम्भीर रूप देखाउँछ र चौथो पटक म्याद थप्नुपर्ने अवस्था देखिएको छ।

आयोजना समयमै सम्पन्न नहुँदा नागरिकले त दुःख पाएका छन् नै समयमै पुँजीगत खर्च हुन नसक्दा राज्यले अनुत्पादक रूपमा बेहोर्नुपर्ने 'प्रतिबद्धता शुल्क'को भार समेत थपिएको छ। आयोजनामा भएको ढिलासुस्तीका कारण मात्रै सुरुवाती अनुमानित लागतभन्दा झण्डै तीन अर्ब बढीको अतिरिक्त लागत वृद्धि वित्तीय भार राज्यकोषमा थपिएको जनाइएको छ।

आयोजनाका पूर्वी खण्ड सडक योजना कार्यालयका प्रमुख नीरज शाक्यका अनुसार उक्त खण्डमा ३९ दशमलव ४२ किलोमिटरमध्ये हालसम्म २४ दशमलव ५८ किलोमिटर मात्र कालोपत्र भएको छ। विगतमा काम सुस्त हुनुमा कोरोना महामारी, रुख कटानमा ढिलाइ, बिजुलीका पोल नसारिनु, र ठेकेदार कम्पनीको आन्तरिक वित्तीय तरलता मुख्य कारण थिए। साथै पश्चिमी खण्डका सूचना अधिकारी अनुपमकुमार साहका अनुसार ४७ दशमलव ४१ किलोमिटरमध्ये ३५ दशमलव ६१ किलोमिटरमा कालोपत्र भइसकेको छ। मुख्य बजार क्षेत्रहरूमा विद्युत्का ट्रान्सफर्मर सार्न ढिलाइ हुनु र बिजुलीको पोल समयमा नहटाउँदा मुख्य बजार क्षेत्रमा कालोपत्र गर्न ढिलाइ भएको हो।

मन्त्रालयले सम्झौता रद्द गर्नेसम्मको चेतावनी दिएपछि मात्र गत वैशाख १५ गतेदेखि लहानमा काम पुनः सुरु भएको पश्चिमी खण्ड सडक योजना कार्यालयका प्रमुख उज्जवल श्रेष्ठ बताउनुहुन्छ। यसअघि निर्माण कम्पनीले आन्तरिक वित्तीय समस्या देखाउँदै झण्डै तीन महिनासम्म सडक विस्तारको सम्पूर्ण काम ठप्प पारेको थियो।

वैदेशिक ऋण जस्तो संवेदनशील स्रोतको समयमै सदुपयोग हुन नसक्दा राज्यकोषले बेहोर्नपरेको अदृश्य वित्तीय भार र नागरिकको सास्तीप्रति सरकार र निर्माण कम्पनी दुवै जबाफदेही बन्नुपर्ने देखिन्छ। आयोजनाको अन्तिम समयसीमाभित्र यो सडक निर्माण सम्पन्न गर्नु अन्तरराष्ट्रिय दातृ निकायहरूका माझ नेपालको आयोजना व्यवस्थापनको साखलाई कायम राख्नका लागि पनि उत्तिकै अपरिहार्य छ।

### 'कमिटमेन्ट' चार्ज र ब्याजको भार

आयोजनाको कुल लागत रु १५ अर्ब ६६ करोड रहेको छ, जसमा एसियाली विकास बैंक (एडिबी) को ७१ दशमलव २२ प्रतिशत ऋण र नेपाल सरकारको २८ दशमलव ७८ प्रतिशत लगानी छ। सार्वजनिक वित्त व्यवस्थापनको स्थापित सिद्धान्तअनुसार, दातृ निकायसँग ऋण सम्झौता भएर रकम विनियोजन भएपछि समयमै काम नभएर सो रकम खर्च हुन नसक्दा नेपाल सरकारले भुक्तानी नभएको वा थन्किएर बसेको रकममा पनि प्रतिबद्धता शुल्क वा ब्याज तिर्नुपर्ने हुन्छ।

अर्थशास्त्रका प्राध्यापक धरणीधर अधिकारी भन्नुहुन्छ, "महत्वपूर्ण मानिएको रणनीतिक आयोजना समयमै सम्पन्न नहुँदा यसले मुलुकको आर्थिक, वातावरणीय र नागरिक स्वास्थ्यको क्षेत्रमा क्षति पुग्छ नै, वैदेशिक ऋण स्वीकृत भएको छ वर्षसम्म पनि कूल बजेटको झण्डै ३२ प्रतिशत हिस्सा खर्च हुन नसकेर फ्रिज जस्तै बस्नु भनेको राज्यले विनाउपलब्धि ब्याज र कमिटमेन्ट चार्जको भार बन्ज ेक्नु हो। यसले पुँजीगत खर्च र भौतिक प्रगति नभइकन पनि देशको ऋणको भार मात्र थपिरहेको छ, जुन कमजोर वित्तीय अनुशासन हो।"

### परियोजनाको लागत वृद्धि

पटक-पटक म्याद थपिएसँगै परामर्शदाता शुल्क, प्रशासनिक खर्च, इन्धन र निर्माण सामग्रीको मूल्य वृद्धिका कारण आयोजनाको सुरुवाती अनुमानित लागतभन्दा वास्तविक खर्च उल्लेख्य रूपमा बढेर गएको छ।

नेपालस्थित एडिबी निर्देशनालयका सूचना अधिकारी ध्रुवकुमार श्रेष्ठका अनुसार आगामी असार १६ सम्म परामर्शदाताको सेवा अवधि थप गर्ने क्रममा साइटको विद्यमान अवस्था र थप प्राविधिक निगरानीको आवश्यकता देखिएको छ। उहाँले भन्नुभयो, "साइटको अवस्था र थप प्राविधिक निगरानीको आवश्यकताका आधारमा अतिरिक्त विज्ञहरूको परामर्श सेवा आवश्यक देखिएकाले प्रारम्भिक सम्झौता रकमको तुलनामा हालसम्म १८ दशमलव ९८ प्रतिशत अर्थात रु दुई अर्ब ९७ करोड २२ लाखले लागत वृद्धि भएको हो।"

तर, निर्माण व्यवसायीको म्याद थप गर्ने क्रममा निर्माण सामग्रीको मूल्य समायोजनसम्बन्धी प्रावधानलाई 'फ्रिज' गरिएको हुँदा भविष्यमा पर्न सक्ने अतिरिक्त वित्तीय दायित्वलाई न्यूनीकरण गरिएको आयोजनाले जनाएको छ।

नेपाल सरकारका पूर्वसचिव इन्जिनियर अर्जुनजङ्ग थापा एडिबीको ऋण सहयोगमा विस्तार भइरहेका यस्ता ठुला आयोजना समयमै सम्पन्न हुन नसक्दा बर्सेनि लागत बढ्दै गई मुलुकको अर्थतन्त्रमा असर परिरहेको बताउनुहुन्छ। उहाँका अनुसार नेपालको झन्झटिलो खरिद प्रणाली, कमजोर अनुगमन, र जग्गा मुआब्जा तथा रुख कटान जस्ता पूर्वतयारी नै नगरी ठेक्का लगाउने परिपाटी यसको मुख्य कारण हो।

जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहा, लहानका अध्यक्ष प्रदीपकुमार गुप्ताले सडक निर्माणमा भएको ढिलाइप्रति असन्तुष्ट व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "लहान र आसपासका सीमावर्ती ठाडी र माडर भन्सारसम्मको व्यापारिक 'कनेक्टिभिटी' यही मुख्य राजमार्गसँग जोडिन्छ। छ वर्षदेखि सडक अलपत्र पारिँदा ढुवानी लागत दोब्बर भएको छ, धुलो र सास्तीका कारण ग्राहकहरू आउनै छाडेका छन्, जसले गर्दा लहान बजारकै व्यापारिक चहलपहल शून्यप्रायः छ। राज्यको यो चरम गैरजिम्मेवारीका कारण निजी क्षेत्रले दैनिक करोडौँको व्यापारिक नोक्सानी व्यहोर्नु परिरहेको छ।"

लहानस्थित जेएस मुरारका क्याम्पसमा प्राध्यापनरत्, अर्थशास्त्रका प्राध्यापक सजन साह विश्लेषण गर्नुहुन्छ, "जब राष्ट्रिय राजमार्ग जस्तो मुलुककै मेरुदण्ड छ वर्षसम्म अलपत्र पर्छ, तब यसले देशको समष्टिगत आर्थिक सूचकहरूमा दीर्घकालीन असर पार्छ। व्यापारिक सडक समयमै नबन्दा ढुवानी लागत बढ्न गई औद्योगिक उत्पादकत्व घट्छ, जसले अन्ततः मुलुकको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरमै संकुचन ल्याउँछ।"

### बजेट विनियोजन र खर्चको असन्तुलन

रणनीतिक सडक समयमै सम्पन्न हुन नसक्दा अन्य उत्पादनशील क्षेत्रमा जानुपर्ने सरकारी बजेट र प्रशासनिक संयन्त्र वर्षौंदेखि यहीँ अल्झिरहेको छ। पूर्वी खण्ड (३९.४२ किमि) को रु सात अर्ब २७ करोड सम्झौता रकममध्ये ६३ दशमलव ७७ प्रतिशत र पश्चिम खण्ड (४७.४१ किमि) को रु आठ अर्ब ८० करोड ७० लाखमध्ये ५९ दशमलव ४२ प्रतिशत मात्र भुक्तानी हुनुले राज्यको अर्बौंको पुँजी वित्तीय रूपमा फ्रिज भएर अनुत्पादक बनेको पुष्टि गर्छ।

### नागरिकलाई धुलो र हिलोको सास्ती

वित्तीय सूचक र प्राविधिक तथ्याङ्कहरू जति निराशाजनक देखिन्छन्, राजमार्ग छेउका रैथाने नागरिकले भोगिरहेको दैनिक सास्ती त्योभन्दा कयौँ गुणा भयानक छ। लहानको मुख्य बजारमा वर्षौंदेखि चिया पसल चलाउँदै आउनुभएका सत्यनारायण साहको दैनिकी अचेल ग्राहकको प्रतिक्षाभन्दा बढी टेबल-कुर्सीको धुलो पुछ्नमा बित्छ। उहाँ आक्रोश र निराशा मिसाउँदै भन्नुहुन्छ, "पहिले बिहानैदेखि ग्राहकको भीड हुन्थ्यो। अहिले चियाको कप टेबलमा राख्न नपाउँदै धुलोको पत्र जम्छ। छ वर्षदेखि उडेको यो धुलोले व्यापार चौपट मात्र पारेको छैन, हाम्रो त जिन्दगी नै धुलाम्मे बनाइदियो।"

साहको जस्तै पीडा लहान नगरपालिका–१ का दिनेश देवको पनि छ, जसले विगत दुई दशक देखि राजमार्गकै छेउमा स्टेसनरी पसल सञ्चालन गर्दै आउनुभएको छ। उहाँ भन्नुहुन्छ, "किताब-कापी जतिसुकै जोगाएर राखे पनि धुलैधुलो हुन्छन्। राज्यले राष्ट्रिय गौरवको राजमार्गलाई यसरी वर्षौंसम्म बेवारिसे छाड्न मिल्छ ?" धुलोको यो सास्तीका कारण स्थानीयको स्वास्थ्यमा समेत 'क्रोनिक' समस्या निम्त्याइरहेको छ र हरेक घरमा वृद्धवृद्धा र बालबालिकाहरू खोकी, दम र एलर्जीको बिरामी भएका छन्।

सत्यनारायण र दिनेश पूर्व-पश्चिम राजमार्गको यो दुरावस्थाका प्रतिनिधि पात्र मात्र हुन्। विकासका नाममा छ वर्षसम्म राज्यले देखाएको यो उदासीनता विरुद्ध आक्रोशित बनेका लहान, गोलबजार र मिर्चैयाका स्थानीय बासिन्दाहरू कयौँ पटक बाटो नै अवरुद्ध गरेर आन्दोलनमा उत्रिइसकेका छन्।

# हन्टा भाइरस संक्रमण र विपद्को जोखिम

**डा प्रकाश बुढाथोकी**

काठमाडौं, ७ जेठ (रासस)।

नेदरल्याण्डअर्थात् डच कम्पनीको एमभी होन्डियस नामक जहाज जुन अप्रिल १ मा अर्जेन्टिनाबाट बेलायत, अमेरिका, स्पेनलगायतका २८ विभिन्न देशका १५० भन्दा बढी यात्रु यात्रा गरिरहेका थिए।

उक्त क्रुजशिपमा हन्टा भाइरसको एन्डिस स्ट्रेन फैलिएपछि दुई डच नागरिकसहित तीन जनाको मृत्यु, पाँच जना प्रयोगशाला प्रमाणित सङ्क्रमित र जहाजमै भएका करिब १५० जतिको सुरक्षित अवतरणको चर्चा फैलियो। जहाजबाट बीचमा झरेका विश्वका विभिन्न कुनामा पुगिसकेका यात्रुको र उनीहरूको सम्पर्कमा आएकालाई कन्ट्याक्ट ट्रेसिङ खोजी कार्य बिहीबार पनि जारी छ। यात्रुलाई स्वास्थ्य संस्थामा सम्पर्कमा आउन र क्वारेन्टिनमा बस्न विभिन्न सरकारले आह्वान गरिसकेका छन्। विश्व स्वास्थ्य सङ्गठनले समेत जोखिमलाई कम तर सचेतनालाई गम्भीर रुपमा स्टेज चारमा लिदै अन्तरराष्ट्रिय स्वास्थ्य नियमावलीअन्तर्गत निगरानी र नियन्त्रण प्रक्रिया सक्रिय बनाएको छ।

विश्व स्वास्थ्य सङ्गठनले आधिकारिकरुपमा बेलायत, अमेरिका, क्यानडा, जर्मनी, नेदरल्याण्ड, स्विट्जरल्याण्ड, सिङ्गापुर र टर्कीलगायत १२ देशलाई सर्तक गराएको छ। जहाजमा अप्रिल ६ देखि लक्षण देखिन थालेको र अप्रिल ११ मा पहिलोपटक एक जनाको मृत्यु भएको थियो। सुरुमा सामान्य श्वासप्रश्वाससम्बन्धी रोग ठानिएको ती व्यक्तिको मृत्युपछि सङ्क्रमित भएको पुष्टि भएको थियो। जहाज सञ्चालक कम्पनी ओसनवाइड एक्सपिडिसनका अनुसार गत अप्रिल २४ मा सेन्ट हेलेनामा ३० जना यात्रु ओर्लिएका थिए, जसमा डच दम्पती थिए। ती दम्पतीमध्ये श्रीमानको जहाजमै मृत्यु भएको थियो भने पछि श्रीमतीको पनि मृत्यु भयो। जहाजबाट ओर्लिएपछि जोहोनेसवर्गमा एक सङ्क्रमितको मृत्यु, स्विटजरल्याण्डमा अर्को पुष्टि भएपछि मात्र हान्टा भाइरस भएको पुष्टि भएको हो। जहाजमा नभएकी एक महिलामा समेत शङ्कास्पद लक्षणहरू देखिएको छ र उनको परीक्षण गरिएको छ। क्यानाडामा समेत ब्रिटिस कोलम्बियामा आइसोलेसनमा रहेका क्रुज यात्रुमा सङ्क्रमण पुष्टि भएको छ र उनीसँग सम्पर्क आएकालाई आईसोलेसनमा राखिएको छ।

**अर्को कोभिड त होइन हान्टा भाइरस ?**

हान्टा भाइरस बुन्याभिरिडी परिवारअन्तर्गत पर्ने २० भन्दा बढी भाइरसहरूको समूह हो, जसको नामकरण दक्षिण कोरियाको हन्तान नदीको नामबाट गरिएको हो, जहाँ सन् १९७८ मा पहिलो पटक यो भाइरस पहिचान गरिएको थियो। अर्थोहान्टाभाइरस जेनस, हन्टाभिरिडी परिवार तथा बुन्याभाइरालेस अर्डरअन्तर्गत पर्ने हान्टा भाइरसका विश्वभर स्थानअनुसार २० भन्दा बढी स्पिसिज पहिचान भएका छन्।

सामान्यतया सङ्क्रमित मुसा तथा अन्य रोडेन्टहरूको पिसाब, दिसा वा र्‍यालबाट निस्किएका सूक्ष्म कण वा तिनीहरूले दूषित बनाएको वातावरणसँगको सम्पर्कमा आउँदा श्वासप्रश्वासमार्फत मानिसमा यो भाइरस सर्छ। यसपटक भने मानिसबाट मानिसमा सरेको पाइएकाले यो दुर्लभ तर चिन्ताजनक मानिएको छ। लामो समयसम्म नजिकको सम्पर्क, एउटै बन्द कोठामा बसाई तथा सङ्क्रमित व्यक्तिको शारीरिक तरलसँग सम्पर्क हुँदा जोखिम बढ्छ। धेरैजसो भेरियन्ट मानिसमा सजिलै सर्दैनन्। सर्ने भेरियन्ट पनि कोभिड-१९ जस्तै तीव्र रूपमा हावाबाट फैलिने प्रकृतिको होइन।

सन् २०२३ मा युरोपियन क्षेत्रमा हान्टा भाइरस सङ्क्रमणबाट एचएफआरएस भएका एक हजार ८८५ केसअर्थात् प्रतिएक लाखमा ०.४ केस मात्र रिपोर्ट भएका थिए। पूर्वी एसियाका चीन र कोरियामा हरेक वर्ष हजारौं केस रिपोर्ट हुने गर्छन्। सन् २०२५ भर अमेरिकी महादेशका आठ देशमा २२९ हान्टा भाइरसका केस पुष्टि भएकामा ५९ जनाको मृत्यु भएको रिपोर्ट छ। अमेरिकामा हान्टा भाइरस सङ्क्रमण दुर्लभ मानिन्छ र सन् १९९३ देखि २०२३ सम्म जम्मा ८९० केस पुष्टि भएका छन्। मानिसबाट मानिसमा सङ्क्रमण भएको घटना दक्षिण अमेरिकामा मात्र देखिएको छ, जहाँ २०१८-२०१९ मा भएको प्रकोपमा ३४ जना सङ्क्रमित हुँदा ११ जनाको मृत्यु भएको थियो।

**के कस्ता लक्षण हुन्छन् ?**

अन्य दीर्घरोग भएका व्यक्ति तथा ज्येष्ठ नागरिक यस सङ्क्रमणका जोखिम समूहमा पर्छन्। उनीहरूमा सजिलै सङ्क्रमण हुने, सङ्क्रमण जटिल अवस्थामा पुग्ने तथा मृत्यु हुने सम्भावना बढी हुन्छ। वातावरणीय तथा इकोलोजिकल कारकहरूले रोडेन्टको सङ्ख्यामा असर पार्ने भएकाले सङ्क्रमणको सङ्ख्या तथा प्रकोपमा समेत प्रभाव पर्छ।

हान्टाको एन्डिस भाइरसको दुर्लभ तर प्राथमिक सङ्क्रमण नजिक र लामो समयसम्मको मानिस-मानिस सम्पर्कबाट हुन सक्छ। दोस्रो सङ्क्रमण स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीमा कम मात्रामा देखिन्छ, जुन सङ्क्रमणको सुरुआती अवस्थामा बढी सङ्क्रामक हुँदा हुने सम्भावना रहन्छ। सङ्क्रमण भएपछि लक्षण देखिन सामान्यतया दुईदेखि चार हप्ता लाग्छ। छिटोमा एक हप्ता र ढिलोमा आठ हप्तासम्म लाग्न सक्छ। यसले सङ्क्रमण सार्ने जोखिम अवधि ४२ दिनसम्म हुने भएकाले थप जोखिम बढाएको छ।

यसमा सुरुमा एकदेखि चार हप्तासम्म चिसो लाग्ने, ज्वरो आउने, टाउको तथा शरीर दुख्ने, चक्कर लाग्ने, अत्यधिक थकान महसुस हुने, पेट दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, झाडापखाला तथा मांसपेशी दुख्ने लक्षण देखिन्छन्। पछि अचानक श्वासप्रश्वासमा समस्या देखिने, रक्तचापमा परिवर्तन हुने तथा सङ्क्रमण बढ्दै जाँदा फोक्सोमा पानी भरिने, रक्तचाप घट्ने र सास फेर्न अत्यन्त गाह्रो हुने गर्छ।

हान्टा भाइरस सङ्क्रमणले निम्त्याउने दुई प्रमुख गम्भीर समस्यामा हान्टा भाइरस पल्मोनरी सिन्ड्रोम (एचपीएस) र हेमोरेजिक फिभर विथ रिनल सिन्ड्रोम (एचएफआरएस) पर्दछन्। पल्मोनरी सिन्ड्रोममा भाइरसले सिधै फोक्सोमा असर गरी सास फेर्न गाह्रो हुने, खोकी लाग्ने, फोक्सोमा तरल पदार्थ जम्ने, रक्तचाप घट्ने, मुटुको धड्कन तीव्र हुने तथा श्वासप्रश्वासमा गम्भीर अवरोध पैदा भई बिरामीको मृत्यु हुन सक्छ। हेमोरेजिक फिभर विथ रिनल सिन्ड्रोममा मुख्यतया मिर्गौलामा असर पर्छ र मिर्गौला फेल हुन सक्छ। भेरियन्टअनुसार लक्षण तथा चिन्ह फरक पर्न सक्छ। हान्टा भाइरसका भेरियन्टमध्ये एन्डिस स्ट्रेन मात्र मानिसबाट मानिसमा सर्ने भेरियन्ट हो। यो चिली र अर्जेन्टिनामा समय-समयमा फैलिने गरेको छ।

**निदानका उपायहरू के हुन सक्छन् ?**

**शङ्कास्पद अवस्थाः** सङ्क्रमण फैलिएको स्थानमा बसेको वा भ्रमण गरेको, शङ्कास्पद वा सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा रहेको तथा एएनडीभी सङ्क्रमणका शङ्कास्पद लक्षण भएका व्यक्ति।

**सम्भावित अवस्थाः** शङ्कास्पद अवस्थाका लक्षण तथा चिन्ह भएका, स्वास्थ्यकर्मीले परीक्षण गरेको, सङ्क्रमित वा सम्भावित केससँग इपिडेमियोलोजिकल सम्बन्ध तथा सम्पर्कमा रहेको तर प्रयोगशाला परीक्षण नभएको व्यक्ति।

**पुष्टि भएको अवस्थाः** आरटी-पिसिआर वा सेरोलोजी परीक्षणबाट एएनडिभी सङ्क्रमण पुष्टि भएको व्यक्ति।

**समस्या नदेखिएको अवस्थाः** शङ्कास्पद वा सम्भावित भए पनि आरटी-पिसीआर वा सेरोलोजी परीक्षणमा एएनडिभी नेगेटिभ आएको व्यक्ति अथवा सम्पर्कमा आएको समयदेखि अधिकतम् ओथारो अवधि पार गरिसकेको व्यक्ति।

**उपचार कसरी हुनसक्छ ?**

हान्टा भाइरस सङ्क्रमणको कुनै विशेष उपचार, औषधि, खोप वा निश्चित एन्टिभाइरल उपचार उपलब्ध छैन। सङ्क्रमितलाई लाक्षणिक तथा सहयोगात्मक उपचार मात्र गरिन्छ। अफवाह तथा सामाजिक सञ्जालका भ्रममा परी अनावश्यक आतङ्कित हुने वा गराउने काम गर्नु हुँदैन। सरकारले तोकेको आधिकारिक निकायबाट जारी सूचनामा मात्र विश्वास गर्नुपर्छ।

रोडेन्टबाट सर्ने रोगहरू, स्क्रब टाइफसलगायतका रोगहरूको नियन्त्रणका लागि मुसा तथा सम्बन्धित रोगबारे थप खोज तथा अनुसन्धान आवश्यक छ। यसले भविष्यमा हुन सक्ने महामारी तथा रोगको जोखिम व्यवस्थापन गर्न सहयोग पुऱ्याउँछ। व्यक्तिगत तथा वातावरणीय सरसफाइ नै मुख्य बचावटका उपाय भएकाले मुसा नियन्त्रण, सरसफाइमा सतर्कता, खाद्य सुरक्षा तथा वातावरणीय सरसफाइमा ध्यान दिनुपर्छ। घर तथा वरपरको वातावरण सफा राख्ने, मुसा प्रवेश गर्ने सम्भावित स्थान बन्द गर्ने तथा मुसाको फोहोर सफा गर्दा पिपिई, मास्क तथा पञ्जा प्रयोग गर्नुपर्छ।

साबुनपानीले नियमित हात धुने, भीडभाडमा नजाने, शङ्कास्पद वा सम्भावित सङ्क्रमितसँग भौतिक दूरी कायम गर्ने तथा मास्क प्रयोग गर्नु आवश्यक छ। रोकथामका लागि जनस्वास्थ्यका मापदण्ड पालना, जोखिम सञ्चार तथा समुदाय सहभागितालाई बढावा दिनुपर्छ। ज्वरो, श्वासप्रश्वासमा समस्या वा अन्य असामान्य लक्षण देखिए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।

**नेपालको तयारी कस्तो छ ?**

नेपालमा हालसम्म हान्टा भाइरस सङ्क्रमण पुष्टि भएको आधिकारिक तथ्याङ्क छैन। तथापि, अमेरिकाको सीडीसीको एक रिपोर्टअनुसार सन् २०१७ मा नेपाल भ्रमण गरेर फर्किएका एक स्पेनी यात्रुमा श्वासप्रश्वाससम्बन्धी समस्या देखिएपछि हान्टा भाइरस पुष्टि भएको थियो। उनले नेपालमा बस्दा लजमा मुसा प्रजातिका जनावरसँग सम्पर्क भएको बताएका थिए।

एन्डिस भाइरसबाट सङ्क्रमित मुसा नेपालमा नपाइने, हाल सङ्क्रमित रहेको जहाजका यात्रु नेपाली नभएको तथा कुनै यात्रु नेपाल नआएको जानकारी भए पनि छिमेकी राष्ट्रका नागरिक जहाजमा रहेको उल्लेख गरिएको छ। नेपालमा हालसम्म हान्टा भाइरस पुष्टि नभएकाले जोखिम कम मानिए पनि अन्तर्राष्ट्रिय उडान तथा आवागमन, कमजोर निगरानी तथा परीक्षण प्रणालीका कारण सम्भावित जोखिमलाई पूर्ण रूपमा नकार्न सकिँदैन। नेपालमा दैनिक ४-५ दर्जनभन्दा बढी मुसाको टोकाइका बिरामी अस्पताल आउने गरेका तथ्याङ्क छन्। एशियाली स्ट्रेन विशेषगरी रसिया, जापान तथा कोरियामा देखिने गरेको छ, जहाँ नेपालीहरूको आवतजावत उल्लेख्य छ। तर आवतजावत गर्ने व्यक्तिहरूको न त पर्याप्त स्क्रिनिङ छ न त निगरानी नै।

नेपालमै हान्टा भाइरस निदान गर्न सक्ने सुविधा हालसम्म उपलब्ध छैन। परीक्षणका लागि किट नेपालमै ल्याउने वा नमुना विदेश पठाएर परीक्षण गर्ने भन्ने विषयमा समेत स्पष्ट निर्णय भइसकेको छैन। त्यसैले सरकार जोखिम नभएको भन्दै प्रचारप्रसारमा मात्र सीमित नभई परीक्षण, निगरानी, निदान, उपचार व्यवस्थापन तथा पूर्वतयारी र जनचेतनामूलक कार्यमा सक्रिय हुन आवश्यक छ। (लेखक वीर अस्पतालमा मुख तथा दन्त सर्जन प्रमुख हुनुहुन्छ)

## विश्व समाचार

### सामसुङ र श्रमिक सङ्घबीच पुनः वार्ता, हड्ताल रोक्न सरकारको अन्तिम प्रयास

सियोल, ७ जेठ (रासस/एएफपी)।

दक्षिण कोरियाको प्रमुख प्रविधि कम्पनी सामसुङ इलेक्ट्रोनिक्स र त्यहाँको श्रमिक संघबीच बुधबार पुनः वार्ता सुरु भएको छ। सम्भावित ठूलो हड्ताल रोक्न श्रममन्त्री स्वयं मध्यस्थकर्ताको भूमिकामा सहभागी भएका छन्। विश्वकै अग्रणी स्मृति चिप उत्पादक कम्पनी सामसुङमा बोनस वितरणको विषयमा व्यवस्थापन र श्रमिक सङ्घबीच विवाद बढेपछि संघले बिहीबारदेखि हड्ताल सुरु गर्ने चेतावनी दिएको थियो। यसले अर्धचालक उत्पादनमा गम्भीर असर पर्न सक्ने चिन्ता बढाएको छ। यो हड्ताल सन् २०२४ मा भएको हड्तालभन्दा धेरै ठूलो हुने अनुमान गरिएको छ। त्यतिबेला करिब ६ हजार कामदार आन्दोलनमा सहभागी भएका थिए। यसपटक भने कम्पनीले कृत्रिम बुद्धिमत्ताबाट प्रेरित प्रविधि बजारको तीव्र विस्तारका कारण ठूलो नाफा कमाइरहे पनि त्यसको उचित हिस्सा कामदारलाई नदिएको भन्दै असन्तोष चर्किएको छ। दक्षिण कोरियाको श्रम मन्त्रालयका अनुसार बुधबार दिउँसो पुनः वार्ता सुरु गरिएको हो। सरकारको प्रयास हड्ताल टार्ने अन्तिम प्रयासका रूपमा हेरिएको छ। सामसुङले यस वर्षको पहिलो त्रैमासिक अवधिमा सञ्चालन नाफा अघिल्लो वर्षको तुलनामा करिब ७५० प्रतिशतले बढेको जनाएको थियो। साथै, मे महिनामा कम्पनीको बजार मूल्य पहिलो पटक १ ट्रिलियन अमेरिकी डलरभन्दा माथि पुगेको थियो। श्रमिक संघले वार्षिक तलबको ५० प्रतिशतमा सीमित गरिएको बोनस सीमा हटाउन र कम्पनीको सञ्चालन नाफाको १५ प्रतिशत बोनसका रूपमा वितरण गर्न माग गरेको छ। संघले बुधबार जारी गरेको वक्तव्यमा राष्ट्रिय श्रम सम्बन्ध आयोगले अघि सारेको मध्यस्थता प्रस्ताव आफूहरूले स्वीकार गरेको तर कम्पनी व्यवस्थापनले अस्वीकार गरेको जनाएको छ। त्यसपछि संघले पूर्वनिर्धारित कार्यक्रमअनुसार बिहीबारदेखि कानुनी रूपमा आम हड्ताल सुरु गर्ने घोषणा गरेको हो। संघका कानुनी सल्लाहकारका अनुसार करिब ५० हजार ५ सय कामदार १८ दिनसम्म उत्पादन लाइनबाट बाहिरिने तयारीमा छन्। यता कम्पनी व्यवस्थापनले भने श्रमिक संघका माग अत्यधिक भएको र ती माग स्वीकार गर्दा कम्पनी सञ्चालनको आधारभूत सिद्धान्त नै कमजोर हुने प्रतिक्रिया दिएको छ।

यो विवादले दक्षिण कोरियामा व्यापक चिन्ता पैदा गरेको छ, किनभने अर्धचालक उद्योग देशको अर्थतन्त्रको मुख्य आधार मानिन्छ। कुल निर्यातको करिब ३५ प्रतिशत हिस्सा अर्धचालक क्षेत्रबाट आउने गर्छ। राष्ट्रपतिको कार्यालयले यसअघि वार्ता असफल भएकोप्रति “गहिरो दुःख” व्यक्त गर्दै सम्भावित आर्थिक असरलाई ध्यानमा राखी दुवै पक्षलाई संवाद जारी राख्न आग्रह गरेको थियो। राष्ट्रपति ली जे म्युङले मन्त्रिपरिषद् बैठकमा श्रमिक आन्दोलन “निश्चित सीमाभित्र” रहनुपर्ने बताउनुभएको थियो। विशेषज्ञहरूका अनुसार सामसुङको उत्पादन आंशिक रूपमा मात्रै रोकिए पनि त्यसले विश्वव्यापी प्रविधि आपूर्ति शृंखलामा असर पार्न सक्छ। यद्यपि, श्रमिक संघले मर्मत तथा उपकरण परीक्षणका कारण यसअघि पनि उत्पादन अस्थायी रूपमा रोकिएको उदाहरण दिँदै वर्तमान आन्दोलनलाई सामान्य औद्योगिक प्रक्रिया भित्रकै विषय भएको दाबी गरेको छ। यदि हड्तालले राष्ट्रिय अर्थतन्त्रमा गम्भीर खतरा उत्पन्न गर्ने देखिए सरकारसँग आपत्कालीन मध्यस्थता अधिकार प्रयोग गरेर औद्योगिक आन्दोलन रोक्ने कानुनी अधिकार पनि रहेको बताइएको छ।

### हर्मुजमा इरानको कडा नियन्त्रण

तेहरान, ७ जेठ (रासस/एएनआई)।

इरानले विश्वकै संवेदनशील समुद्री व्यापार मार्गमध्ये पर्ने स्ट्रेट अफ हर्मुजमाथि आफ्नो नियन्त्रण अझ कडा बनाउने कदमस्वरूप नयाँ व्यवस्थापन तथा अनुगमन क्षेत्रको सीमा औपचारिक रूपमा निर्धारण गरेको छ। नयाँ गठन गरिएको पर्सियन गल्फ स्ट्रेट अथोरिटी (पिजिएसए) ले अब जलघाँटी पार गर्ने जहाजहरूले अनिवार्य रूपमा समन्वय र अनुमति लिनुपर्ने व्यवस्था लागू गरेको जनाएको छ। पिजिएसएले सामाजिक सञ्जाल एक्समार्फत सार्वजनिक गरेको विवरणअनुसार नयाँ पर्यवेक्षण क्षेत्र इरानको कुह मोबारकदेखि संयुक्त अरब इमिरेट्सको फुजैराको दक्षिणी समुद्री क्षेत्रसम्म फैलिएको छ। यो क्षेत्र स्ट्रेट अफ हर्मुजको पूर्वी भागमा पर्ने बताइएको छ। इरानको केश्म टापुको अन्तिम विन्दु र संयुक्त अरब इमिरेट्सको उम्म अल-कैवेनलाई जोड्ने काल्पनिक रेखाबाट यो व्यवस्थापन क्षेत्र सुरु हुने उल्लेख गरिएको छ। नयाँ व्यवस्थाअनुसार हर्मुज जलघाँटी हुँदै यात्रा गर्न चाहने जहाजहरूले ‘पर्सियन खाडी जलमार्ग व्यवस्थापन’ निकायसँग अनिवार्य रूपमा समन्वय गर्नुपर्नेछ। साथै पिजिएसएबाट पूर्वअनुमति नलिई कुनै पनि जहाजले उक्त क्षेत्रमा प्रवेश गर्न नपाउने स्पष्ट पारिएको छ। व्यवस्थापन निकायले जलमार्गको सुरक्षा, सञ्चालन र निगरानीलाई व्यवस्थित बनाउने उद्देश्यले यस्तो कदम चालिएको जनाएको छ।

यो घोषणा अमेरिका र इरानबीच जारी शान्ति वार्तामा कुनै प्रगति नभइरहेका बेला आएको हो। दुवै पक्ष आ-आफ्ना अडानमा अडिग रहेका छन्। वासिङ्टनले इरानको आणविक कार्यक्रम पूर्ण रूपमा रोक्न दबाब दिइरहेको छ भने तेहरानले आफ्नो ऊर्जा सुरक्षा र स्ट्रेट अफ हर्मुजमाथिको नियन्त्रणलाई राष्ट्रिय अधिकारको विषयका रूपमा प्रस्तुत गरिरहेको छ। इरानले सोमबार मात्रै स्ट्रेट अफ हर्मुजसँग सम्बन्धित सम्पूर्ण गतिविधिको अनुगमन र व्यवस्थापन गर्न नयाँ नियामक निकाय स्थापना गरिएको घोषणा गरेको थियो। इस्लामिक गणतन्त्रको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले पनि पिजिएसएको आधिकारिक एक्स खाता सक्रिय भएको जानकारी पुनः सार्वजनिक गर्दै नयाँ निकाय सञ्चालनमा आएको पुष्टि गरेको थियो। विश्लेषकहरूले यस कदमलाई विश्व ऊर्जा आपूर्ति प्रणालीसँग प्रत्यक्ष सम्बन्धित रणनीतिक सन्देशका रूपमा हेरिरहेका छन्। स्ट्रेट अफ हर्मुज विश्वकै महत्त्वपूर्ण तेल ढुवानी मार्गमध्ये एक मानिन्छ। यहाँबाट विश्वको ठूलो हिस्सा कच्चा तेल तथा ऊर्जा आपूर्ति हुने गर्दछ। नयाँ निकायको स्थापनासँगै इरानले अब जलमार्गको सञ्चालन, अनुगमन र प्रशासनिक नियन्त्रणलाई संस्थागत स्वरूप दिएको सङ्केत देखिएको छ। यस महिनाको सुरुआतमै इरानी सरकारी सञ्चारमाध्यम प्रेस टिभीले तेहरानले स्ट्रेट अफ हर्मुज हुँदै हुने समुद्री आवागमन नियन्त्रण गर्न नयाँ संयन्त्र लागू गरेको जनाएको थियो। रिपोर्टअनुसार अब उक्त जलमार्ग प्रयोग गर्न चाहने सबै जहाजहरूले ष्लाय२एन्क्बष्च ठेगानाबाट आधिकारिक इमेल प्राप्त गर्नेछन्। यसमा मार्ग प्रयोगसम्बन्धी नियम, प्रक्रिया र निर्देशन समावेश रहनेछन्।

# बालबालिकामा कुपोषण बढ्यो

काठमाडौँ, ७ जेठ (रासस) ।

सरकारले सञ्चालन गरेको 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' मा कुपोषण हुने बालबालिकाको सङ्ख्या बढेको पाइएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले बालबालिकाको पोषणको अवस्था पत्ता सञ्चालन गरेको अभियानमा बालबालिकामा विगतको भन्दा बढी सङ्ख्यामा कुपोषण देखिएको हो ।

स्वास्थ्य सेवा विभाग, पोषण शाखा प्रमुख लिलाविक्रम थापाले अभियानको प्रारम्भिक प्रतिवेदनमा विगतभन्दा यसपटक कुपोषणको भएका बालबालिकाको सङ्ख्या बढेको बताउनुभयो । उहाँका अनुसार कडा शीघ्र कुपोषण चार प्रतिशत बालबालिकालाई देखिएको छ । यसअघि उक्त सङ्ख्या एक प्रतिशतमा रहेको थियो ।

"यसपटक हामीले देशभरि नै अभियान सञ्चालन गरेकाले कडा शीध्र कुपोषणका बालबालिकालाई धेरै देखिएको हो", शाखा प्रमुख थापाले भन्नुभयो, "पहिले हामी प्रदेशमा मात्र कुपोषणको अवस्था पत्ता लगाउने गर्दथ्यौँ र कम देखिएका हुन् ।"

उहाँका अनुसार कडा शीघ्र कुपोषण कर्णाली, सुदुरपश्चिम र मधेस प्रदेशमा बढी देखिएका छन् । कडा शीघ्र कुपोषण भएका बालबालिका ख्याउटे र करङ देखिने खालको हुने गर्दछन् ।

कडा शीघ्र कुपोषण लागेका बालबालिकालाई 'तयारी उपचारात्मक खाना' दिने र उक्त तयारी खाना खाएपछि बालबालिकालाई स्वस्थ्य हुने उहाँको भनाइ छ । तयारी खाना दिँदा पनि पहिलेको अवस्थामा नआएका बालबालिकालाई देशतिर २५ वटा पुनःस्थापना केन्द्रमा आमा र बच्चा दुवैलाई राखेर दैनिक रूपमा हेरेर तयारी खाना खुवाइने थापाले बताउनुभयो ।

यसैगरी, मध्यम कुपोषण १२ प्रतिशत बालबालिकामा देखिएको छ । मध्यम शीघ्र कुपोषण भएका बालबालिका दुब्लाउने, उमेरअनुसार तौल नहुने तथा लुरे हुने गर्दछन् ।

**अभियान जेठसम्म**

शाखा प्रमुख थापाका अनुसार साधनस्रोतको कमीले जेठ महिनासम्म अभियान सञ्चालन गरिने छ । सरकारले पोषण पत्ता लगाउन पहिलो पटक गत वैशाख १५ देखि ३० गतेसम्म अभियान सञ्चालन गरेको थियो । बालबालिकाको उचाइ र तौल लिने उपकरणको अभावमा सबै पालिकामा अभियान सञ्चालन गर्न नसकिएकाले जेठ महिनासम्म अभियान विस्तार गरिएको हो । उहाँले अर्को वर्षदेखि यसलाई कार्यक्रमका रूपमा राखिने जानकारी दिनुभयो ।

सरकारले छ महिनादेखि ५९ महिनासम्मका करिब २२ लाख बालबालिकाको पोषण अवस्था जाँच गरी शीघ्र कुपोषणको समयमै पहिचान र उपचार गर्ने उद्देश्यसहित अभियान सञ्चालन गरिएको हो । यस अभियानअन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा नजिकैको स्वास्थ्य संस्थामार्फत बालबालिकाको पाखुराको मध्य भागको घेरा नापेर पोषणको स्थिति पत्ता लगाउने गरिएको छ ।

# विश्वविद्यालयको उपकुलपतिका लागि प्राप्त आवेदनमाथि छानबिन सुरु

काठमाडौँ, ७ जेठ (रासस) ।

विभिन्न आठ विश्वविद्यालयको रिक्त उपकुलपति पदका लागि परेका कूल २१८ उम्मेदवारको आवेदनमाथि छनोट तथा सिफारिस समितिले अध्ययन सुरु गरेको छ ।

उपकुलपति नियुक्तिका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा रहेको छनोट तथा सिफारिस समितिले इच्छुक तथा योग्य उम्मेदवारलाई १० दिनभित्र दरखास्त दिन गत वैशाख २५ गते आव्हान गरेको थियो । उक्त सूचना बमोजिम सबैभन्दा बढी त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा ५० जनाले आवेदन दिएका छन् ।

पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालयका लागि ३८/३८, सुदूरपश्चिम विश्वविद्यालयका लागि १९, मध्यपश्चिम विश्वविद्यालय २०, लुम्बिनी बौद्ध विश्वविद्यालयका लागि ११, कृषि तथा वन विज्ञान विश्वविद्यालयका लागि १५, राजर्षि जनक विश्वविद्यालयका लागि २७ जनाले आवेदन दिएका मन्त्रालयले जनाएको छ । आवेदकहरूको कागजात अध्ययन (छानबिन) गरी स्वीकृत उम्मेदवारको सूची प्रकाशन गरेर छनोट प्रक्रिया आरम्भ गर्ने तयारी समितिले गरेको छ ।

गत वैशाख २४ गते स्वीकृत 'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' स्वीकृत भएको थियो । नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट जारी भएको सार्वजनिक निकायका पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष अध्यादेशबाट विभिन्न विश्वविद्यालयका पदाधिकारी पदमुक्त भएपछि नयाँ नियुक्तिको प्रक्रिया सुरु भएको हो ।

छनोटका लागि शिक्षामन्त्री सस्मित पोखरेल, शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलसहित सम्बन्धित विश्वविद्यालयका लागि सम्बन्धित विज्ञ रहेको समिति गठन गरिएको छ ।

## *दोश्रो दिन पनि ...*

तथा उनको साथमा रहेको ल्यापटप तोडफोड गरेका छन् ।

प्रमुख प्रशसकीय अधिकृत हरिकिशोर प्रसाद चन्द्रवंशीले उक्त घट्नामा संलग्न रहेका व्यक्तिलाई अविलम्ब पक्राउ गरी कानुनी दायरामा ल्याउन जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयमा निवेदन समेत पठाइएको जानकारी दिए ।

# थप ३०४ जना सहकारी पीडितले फिर्ता पाए बचत

काठमाडौँ, ७ जेठ (रासस) ।

सरकारले समस्याग्रस्त सहकारीका थप ३०४ जना साना बचतकर्ताको रकम फिर्ता गरेको छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले बुधबार कृषि सहकारी र शिव शिखर बहुउद्देश्यीय सहकारीका साना बचतकर्ताको बचत फिर्ता गरेको हो ।

समितिका अनुसार बुधबार कृषि सहकारीका ८८ जना र शिव शिखर बहुउद्देश्यीय सहकारीका थप २१६ जना बचतकर्ताले बचत फिर्ता पाएका हुन् । यसअघि समितिले कान्तिपुर सहकारीका २१५, शिव शिखर बहुउद्देश्यीय सहकारीका १५६ जना र पशुपति सहकारीका सात जना गरी ३७८ जना साना बचतकर्ताको रकम फिर्ता गरेको थियो ।

समितिका अनुसार पहिलो चरणमा थोरै बचत रकम भएका बचतकर्तालाई रकम फिर्ता गरिएको हो । यसरी नै क्रमशः बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरेर रकम फिर्ता गरिने छ ।

समितिका अनुसार समस्याग्रस्त सहकारीका करिब ७६ हजार बचतकर्ताको करिब रु ४६ अर्ब बचत फिर्ता गर्नुपर्ने छ । तीमध्ये अधिकांश साना बचतकर्ता छन् ।

पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठूला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ । कूल ७६ हजारमध्ये पाँच लाखभन्दा बढी बचत गर्ने जम्मा १८ हजार रहेको समितिले जनाएको छ ।

## *शैक्षिक परामर्श ...*

लिएर सही काम गर्ने आत्तिनु पर्दैन", उपसचिव कोइरालाले भन्नुभयो, "अहिले हामीले शैक्षिक परामर्श संस्थाको अभिलेखीकरण र अनलाइन प्रणालीलाई व्यवस्थित गरेका छौँ । र यो शुद्धीकरण अभियान देशभर सञ्चालन गर्नेछौँ ।" उपसचिव कोइरालाले विदेशमा पढ्न गएका विद्यार्थीको 'ट्र्याकिङ' गर्न तथा विदेशी विद्यार्थी पनि नेपालमा बढाउने कार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

गृह मन्त्रालयका उपसचिव गणेश गैह्रेले सरकारको १०० बुँदे मार्गचित्र र नीति तथा कार्यक्रमका आधारमा विकृति र विसङ्गति अन्त्य गर्ने कार्य भइरहेको बताउँदै नियम कानुन मान्दा कुनै व्यवसायीलाई समस्या नहुने स्पष्ट गर्नुभयो ।

नेपाल शैक्षिक परामर्श व्यवसायी महासङ्घका अध्यक्ष राजेन्द्र बरालले शैक्षिक परामर्श व्यवसायलाई शुद्धीकरण गर्ने सरकारको अभियानमा आफूहरूको साथ रहने बताउँदै त्यसका नाममा सिङ्गो क्षेत्र नै बदनाम छ भन्ने सन्देश प्रवाह गरिनु नहुने धारणा व्यक्त गर्नुभयो ।

नेपाल अभिभावक महासङ्घका अध्यक्ष सुभद्र-प्रभात भण्डारीले विदेशमा गएर के-कति विद्यार्थी कस्तो अवस्थामा के गरिरहेका छन् भन्ने विवरण पनि हुनुपर्नेमा जोड दिँदै राम्रो काम गर्ने शैक्षिक परामर्श व्यवसायीका पक्षमा आफूहरू रहने स्पष्ट गर्नुभयो ।


राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८२ ०८३
च.न. १४६९

मिती :- २०८३।०२।०६

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. २ हाल अगनीसाइर कृष्णा श्रवण गा.प.१ बस्ने नगरी देवी ले तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८३।०२।०६ गते मा द.न.१४४१ को निवेदन दिएको हुदां सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा. २ हाल १ बस्ने ननि लाल चौधरी को नाउंमा दर्ता कायम रहेको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पङ्गैया | १क | ३५४ | ०-१-१५.७५ |

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*